# घर भाडामा लिने सम्बन्धी सूचना

**(प्रकाशित मिति : २०७५/०१/१२)**

गरिमा विकास बैंक लिमिटेडको शाखा कार्यालयहरु सञ्चालनको लागि देहाय बमोजिमको स्थानमा उपयुक्त घर भाडामा लिनुपर्ने भएकोले ईच्छुक घरधनीहरुले सूचना प्रकाशित मितिबाट १५ दिन (२०७५/०१/२६) भित्र कार्यालय समयमा आवश्यक कागजात सहित बैंकको प्रधान कार्यालय, प्रशासन विभागमा तोकिएको ढाँचा बमोजिमको निवेदन पेश गर्नुहुन अनुरोध छ । निवेदनको ढाँचा बैंकको माथि उल्लेखित प्रधान कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

**(क) घर भाडामा चाहिएको स्थान सम्बन्धी विवरण :**

**प्रस्तावित स्थान :**

१. भक्तपुर न.पा वडा नं. ४, सुर्यबिनायक चोक, भक्तपुर
२. काठमाण्डौ म.न.पा. वडा नं. १०, नँया बानेश्वर चोक, काठमाण्डौ
३. ललितपुर म.न.पा. वडा नं. ०५, कुमारीपाटी, ललितपुर
४. पोखरा लेखनाथ म.न.पा. वडा नं. १०, रामबजार, कास्की
५. धनगढी उ.म.न.पा. वडा नं. ०३, चौतारा, कैलाली
६. घोराही उ.म.न.पा. वडा नं. १५, तुल्सीपुर चोक, दाङ्ग

**(ख) शर्तहरू :**

(१) घर पक्की हुनुपर्ने छ ।
(२) घरको बाहिरी बनाबटमा कुनै असर नपर्ने गरी भित्री बनावटलाई बैंकले आफ्नो आवश्यकता बमोजिम पुनर्निर्माण गर्नुपर्ने भएकोले सो बिषयमा घरधनी सहमत हुनुपर्नेछ ।
(३) कम्तिमा घर १० वर्ष सम्मका लागि सम्झौता गर्न घरधनी सहमत हुनुपर्ने छ साथै सम्झौता गर्ने समयमा घर खाली भईसकेको हुनुपर्नेछ ।
(४) बैंकले बेरोकतोक स्वतन्त्रता पुर्वक उपभोग गर्न पाउने क्षेत्रफल न्युनतम १००० वर्ग फिट हुनु पर्नेछ । भुईंतलालाई विशेष प्राथमिकता दिइनेछ । पायक पर्ने स्थान भएमा क्षेत्रफल सम्बन्धमा बैंक लचिलो हुन सक्नेछ ।
(५) कार्यालय रहने घरमा कार्यालयका लागि आवश्यक पानी, ढल, पार्किङ, लगायतका सुविधा भएको हुनुपर्ने छ ।
(६) बैंकले तयार पारेको निवेदन फाराममा उल्लेख भएका विषय वस्तुहरु घरधनी स्वयंले स्पष्टसंग भरेको हुनुपर्नेछ ।
(७) कुन घर भाडामा लिने भन्ने निर्णय बैंक ब्यवस्थापनको हुनेछ । निवेदक घरधनीले आफ्नो घर के कति कारणले भाडामा नलिएको हो भन्ने विषय उठाई कुनै विवाद गर्न पाइने छैन ।
(८) बैंकले भाडामा लिने घरमा विद्युतको 3 Phase Line र संचारका लागि आवश्यक उपकरणहरु जडान गर्नुपर्ने भएकोले सो को लागि घरधनी सहमत हुनुपर्नेछ । साथै बैंकको लागि आवश्यक जेनेरेटर लगायतका उपकरण राख्ने स्थान भएको हुनुपर्ने छ ।
(९) घर भाडा सम्झौताका अन्य शर्तहरु घर भाडामा लिने दिने सम्बन्धी करारनामा गर्दाको बखत दुई पक्षको सहमतिमा तय गरिनेछ ।

**(ग) निवेदन सँग संलग्न गर्नुपर्ने कागजातहरू :**

(१) घरधनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(२) लालपुर्जा तथा तिरो/सम्पत्तिकर तिरेको रसिदको प्रतिलिपि,
(३) घरको नक्सा पास गर्नुपर्ने स्थानको हकमा सम्बन्धित निकायबाट स्विकृत घरको नक्सा पास प्रमाण तथा घरनिर्माण सम्पन्न भएको प्रमाण पुग्ने कागजात,
(४) रितपुर्वक भरेको निवेदन फाराम,


*"Access to All"*

**गरिमा विकास बैंक लिमिटेड**

**Garima Bikas Bank Limited**

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय सस्था)

**प्रधान कार्यालयः** लाजिम्पाट, काठमाण्डौं, **फोन :** ०१-४४४५४२४/२५/२६, **फ्याक्स :** ०१-४४४५४३०

**ईमेल :** info@garimabank.com.np, **वेभसाइटः** www.garimabank.com.np